**"आर्थिक क्षेत्रमा महिला सहभागिता : संवैधानिक हकको सुनिश्चितता"**

# २५ औं कानुनव्यवसायी महिलाहरुको राष्ट्रिय सम्मेलन काठमाडौंद्धारा पारित काठमाडौं घोषणा पत्र २०७३

नेपाल बार एशोसिएशन (नेवाए) ले आफ्नो स्थापनाकालदेखि नै उठाउँदै आएको लैङ्गिक न्याय सहितको मानव अधिकार, कानुनको शासन र स्वतन्त्र न्यायपालिकाको आधारभूत मान्यता प्रति प्रतिवद्ध हुदै,

लोकतान्त्रीक मान्यतामा आधारित संघीय संविधानले प्रत्याभुत गरेको महिला अधिकारको संरक्षण र सम्वर्द्धन एवम् सशक्तिकरण गर्ने उद्देश्यलाई केन्द्र विन्दुमा राखेर कानुन व्यवसायी महिलाहरुको हक अधिकारको सुनिश्चितता गर्ने प्रतिवद्धता जाहेर गर्दै,

संविधानले प्रत्याभूत गरेका अधिकारहरुलाई आत्मसात गरी सो हक अधिकारहरुलाई वास्तविक रुपमा कार्यान्वयन गर्नु पर्ने आवश्यकतालाई मध्यनजर गर्दै,

कानून व्यवसायी महिलाहरुको यो २५ औं राष्ट्रिय सम्मेलनले गौरवकासाथ यो **२५ वुँदे काठमाडौं घोषणापत्र २०७३** जारी गरेको छ ।

## क) संविधान र कानुन सम्बन्धमा

१. संघीय संरचना अनुसारको अदालतहरुको गठनको लागि आवश्यक कानून अविलम्व निर्माण गर्न यो सम्मेलन व्यवस्थापीका संसद लगायत सम्बन्धित निकायको ध्यानाकार्षण गर्दछ । साथै संविधान कार्यान्वयनका लागि आवश्यक अन्य आवश्यक सम्पूर्ण कानुनहरुको अविलम्व निर्माण गर्न समेत यो सम्मेलन जोडदार माग गर्दछ ।

२. संविधानको धारा ३८ ले प्रत्याभुत गरेको महिलाको हकको कार्यान्वयनको लागि आवश्यक ऐन, नियम, नीति, कार्यक्रम अविलम्व निर्माण गर्न यो सम्मेलन जोडदार माग गर्दछ । साथै उक्त धारामा प्रजनन हकको प्रत्याभूतिको प्रावधान थप गर्ने गरी संविधान संशोधन गर्न समेत यो सम्मेलन माग गर्दछ ।

३. नागरिकताको सम्बन्धमा वर्तमान संवैधानको धारा ११ (५) र ११(७) का प्रावधानहरुबाट लैङ्गिक असमानता र राज्यविहीनताको अवस्था सृजना भएकोले नेपाली आमाले आफ्ना सन्तानलाई वंशजको आधारमा निशर्त नेपाली नागरिकता प्रदान गर्ने सुनिश्चितता गर्न संविधानका उक्त प्रावधानहरुमा संशोधन गर्न यो सम्मेलन जोडदार माग गर्दछ । साथै धारा ११(६)मा भएको प्रावधानमा संशोधन गरी दम्पत्तिको समान हक सुनिश्चित गर्न समेत माग गर्दछौ ।

४. महिला भित्रको अन्तरसमूहगत महिला विशेषगरी दलित, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, थारु, एकल महिला, अपाङ्गता भएका लगायतका आर्थिक, सामाजिक, सांस्कृतीक,

जैविक, धार्मिक, भाषिक, भौगोलिक रुपमा सिमान्तकृततामा परेका महिलाहरुको सशक्तिकरण तथा आर्थिक, सामाजिक र राजनीतिक विकासको संवैधानिक प्रावधानको आवश्यक संशोधन तथा कार्यान्वयनको लागि आवश्यक ऐन, नियम, नीति, कार्यक्रम र संरचना अविलम्व निर्माण गर्न राज्यका सम्बन्धित निकाय समक्ष यो सम्मेलन माग गर्दछ ।

५. अधिकारमुखी सिद्धान्तमा आधारित लैङ्गिक न्यायको प्रत्याभूतिको लागि संविधानमा रहेका सुविधा जस्ता शव्दहरुलाई अधिकारको रुपमा परिणत गर्नको लागि संशोधन गर्न यो सम्मेलन माग गर्दछ । साथै संविधानको लैङ्गिक परीक्षण (Gender Audit) गर्न समेत यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

६. संसदको विधायन समितिमा विचाराधीन देवानी तथा फौजदारी संहितालाई लैङ्गिक न्यायसँग सम्बन्धित सर्वमान्य अवधारणा, विकसित विधिशास्त्र र कानुनसँग तादम्यता कायम गर्ने गरी आवश्यक संशोधन गर्न ने.बा.ए.ले सहजीकरण गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

## ख) कानुन व्यवसायी महिलाहरुको सहभागीता र पेशागत हक सम्बन्धमा

७. बैंक, वित्तिय एवम् वाणिज्य क्षेत्रमा योग्यता र क्षमताको आधारमा कानून व्यवसायी महिलाहरुलाई अनिवार्य रुपमा सहभागी गराउने व्यवस्था नेपाल राष्ट्र वैकको निर्देशिकाको आर्थिक क्षेत्रसँग सम्बन्धित व्यवस्थाहरुमा स्पष्ट उल्लेख गरी कानून व्यवसायी महिलाको सहभागीता सुनिश्चित गर्न यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ । यसकालाई विशेष पहल गर्न नेबाएलाई यो सम्मेलन आव्हान गर्दछ ।

८. समग्र वाणिज्य क्षेत्रमा महिलाहरुको सारभुत सहभागीताको सुनिश्चिततताका साथै कानून व्यवसायी महिलाहरुलाई कानुनी सल्लाहकारमा राख्ने लगायत विभिन्न समिति तथा नीति निर्माण तहमा प्राथमिकताका साथ सहभागी गराउन आवश्यक पहल गर्न सम्बन्धित निकाय समक्ष यो सम्मेलन माग गर्दछ ।

९. सरकारी तथा स्थानीय निकायहरुमा कानून व्यवसायी महिलाहरुको समानुपातिक सिद्धान्तको आधारमा सहभागिता सुनिश्चित गर्न लागि कानुनी सल्लाहकारमा नियुक्त गर्ने व्यवस्थाका लागि नेबाएले विशेष पहल गरोस भनी यो सम्मेलन माग गर्दछ ।

१०. वैतनिक कानुन व्यवसायी नियुक्त गर्दा कानुन व्यवसायी महिलालाई प्राथमिकता दिने व्यवस्था गर्नकालागि यो सम्मेलन माग गर्दछ ।

११. न्याय परिषदमा कानुन व्यवसायी महिलाको समानुपातिक सहभागीता सुनिश्चित गर्न यो सम्मेलन माग गर्दछ ।

१२. स्थानीय निकायको प्रमुख तथा निर्णयक पदमा कम्तीमा एक जना महिला अनिवार्य हुनु पर्ने व्यवस्था गर्न यो सम्मेलन माग गर्दछ ।

१३. महिलासँग सम्बन्धित विषयमा कानुन तथा नीति निर्माण गर्दा, रणनीति एवम् कार्यान्वयन संयन्त्र स्थापना गर्नु पूर्व राज्यका संबन्धित निकायहरुले नेपाल बार एशोशिएशनसँग समन्वय गरी कानुन व्यवसायी महिलासँग सहभागीतामूलक सहकार्य गर्नका लागि यो सम्मेलन आव्हान गर्दछ ।

१४. संघीय संरचना बमोजिम गठन हुने विभिन्न तहका अदालतहरुमा न्यायाधीशको नियुक्ति गर्दा कानुन व्यवसायी महिलाहरुको समानुपातिक सहभागीता सुनिश्चित गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१५. कानून व्यवसायी महिलाको सशक्तिकरण सम्बन्धी क्रियाकलाप र स्थायित्वको लागि ने.बा.ए भित्र एक स्थायी  कोष खडा गर्नकालागि राज्यले बजेट निकासा गर्न यो सम्मेलन नेपाल सरकारसँग माग गर्दछ ।

१६. नवोदित कानुन व्यवसायी महिलाहरुको शिप, दक्षता र क्षमता अभिवृद्धि र सुदृढीकरणको लागि विना धितो निर्व्याजी ऋण दिलाउन नेपाल बार एशोसिएशनले पहल गर्न यो सम्मेलन माग गर्दछ ।

१७. पेशामा स्थापित भएका र स्थापित हुदै गरेका कानुन व्यवसायी महिलाहरुलाई वर्षको कम्तीमा एकपटक पुनर्ताजकी तालिम प्रदान गर्ने व्यवस्था मिलाउन नेबाए समक्ष माग गर्दछ । सोका लागि आवश्यक बजेट विनियोजन गर्न समेत नेपाल सरकार समक्ष यो सम्मेलन अनुरोध गर्दछ । साथै कानून व्यवसायी महिलाहरुको स्थिती र प्रगती सम्बन्धी विवरणात्मक तथ्यांक प्रकाशन गर्नका लागि नेबाएले पहल गर्न यो सम्मेलन माग गर्दछ ।

**ग) वातावरण र विपद व्यवस्थापन सम्बन्धमा**

१८. वातावरण सम्बन्धित मुद्दा हेर्न छुट्टै इजलासको व्यवस्था गर्न यो सम्मेलन माग गर्दछ ।

१९. भुकम्प पश्चातको पुनर्निमाणको लागि गठन भएका र हुने प्रत्येक संरचनामा महिलाको समानुपातिक सहभागीता सुनिश्चित गर्न यो सम्मेलन माग गर्दछ ।

**घ) विविध**

२०. संक्रमणकालीन न्याय निरुपणमा विशेष गरी महिलाको सत्य, न्याय र परिपुरणको अधिकार सुनिश्चित गर्न आयोगका काम कारवाहीमा लैङिक मैत्री तथा संवेदनशिलता र द्वन्द्वपीडित महिलाका विशेष अधिकार र आवश्यकतालाई यथोचित ध्यान दिन यो सम्मेलन सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोग एवम् नेपाल सरकारको ध्यानाकर्षण गराउँछ ।

२१. कानुन व्यवसायी महिलाहरुको राष्टिय सम्मेलनको शुरुवातदेखि हालसम्म जारी भएका घोषणापत्रहरुले माग गरेका विषयवस्तुहरुलाई अध्ययन गरी प्राप्त उपलब्धी तथा कार्यान्वयनको अवस्थाको बारेमा विश्लेषणात्मक समिक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका

समयसापेक्ष विषयहरुको कार्यान्वयनको लागि नेबाए मार्फत राज्यका सम्बन्धित निकायहरुसँग पहल गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

२२. नेबाएको विधान संशोधन गर्न आवश्यक देखिएको हुँदा समय सापेक्ष रुपमा नेबाएको विधान संशोधनका लागि गृहकार्य कानुन व्यवसायी महिलाहरुको अर्थपूर्ण सहभागीता रहने गरी एउटा कार्यदल (Working Group) गठन गर्नका लागि यो सम्मेलन नेबाएसँग यो सम्मेलन माग गर्दछ ।

२३. न्यायमा पहुँच सुनिश्चित गर्नका लागि एकिकृत कानुनी सेवा नीति निर्माण तथा लागु गर्न नेपाल सरकार समक्ष यो सम्मेलन माग गर्दछ ।

२४. जिल्ला कानुनी सहायता समिति कानून व्यवसायी महिलाहरुको अनिवार्य सहभागीता सुनिश्चित गर्नु पर्ने साथै समितिको कर्मचारीको व्यवस्था गर्दा महिलालाई प्राथमिकता दिन यो सम्मेलन माग गर्दछ ।

२५. गुणस्तरीय एवम् व्यवहारमूलक कानुनी शिक्षा विशेष गरी महिलाको कानूनी शिक्षाका अवस्था र विद्यमान पूर्वाधारहरुको आधारभूत सर्भेक्षण (Baseline Survey) गर्न नेबाएले कानुनी शिक्षा समिति मार्फत नेपाल बार काउन्सिल र कानुनी शिक्षण संस्थाहरुसँग सहकार्य गर्न सम्बन्धित सरोकारवालहरुसँग माग गर्दछ ।

**घोषणापत्र तयारी समिति**

१. अनिता सापकोटा चापागाई
२. गीता पाठक संग्रौला
३. रीता मैनाली
४. लक्ष्मी शर्मा
५. रमा श्रेष्ठ
६. लक्ष्मी पोखरेल
७. विष्णु वस्याल
८. सानु शाक्य
९. इन्दिरा न्यौपाने
१०. शान्ति मोदी
११. कविता शाह
१२. कविता वस्नेत
१३. निर्मला निरौला
१४. रक्षा वस्याल
१५. किरण शाह
१६. आर्या श्रेष्ठ
१७. भुवन पराजुली